म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक १२६ मंगलबार, २८ मंसिर २०७८ एकादशी ने. सं. ११४२ थिंलाथ्व 14 December, 2021 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरे नेता बर्तौला एमालेको प्रदेश उपसचिव चुनिए



हेटौंडा/मकवानपुर बहुमुखी क्याम्पस स्ववियू पूर्व सभापतिसमेत रहेका मकवानपुरे युवा नेता महेश बर्तौला नेकपा एमाले बागमती प्रदेश कमिटीको उपसचिव चुनिएका छन् ।

एमालेको भक्तपुरमा जारी केन्द्रीय कमिटी बैठकमा सबै प्रदेशका कमिटीको घोषणाहुँदा मकवानपुरका नेता बर्तौला उपसचिव चुनिएका हुन् । तत्कालीन जन आन्दोलन २०६२/०६३ ताका अनेरास्ववियु जिल्ला अध्यक्ष रहेका बेला बर्तौला चर्चामा थिए ।

विद्यार्थी राजनीतिबाट जिल्ला हुँदै केन्द्रीय नेतृत्वमा पुगेका बर्तौला यसअघि जिल्ला कमिटीमा बसेर काम गरिसकेका छन् । उनी अनेरास्ववियुको केन्द्रीय उपाध्यक्षसमेत हुन् ।

## चार महिनामा बागमतीको बजेट खर्च सात प्रतिशत मात्र

साझाकुरा संवाददाता



हेटौंडा/चालु आर्थिक वर्ष २०७८/०७९ मा पनि बागमती प्रदेश सरकारको बजेट खर्च अवस्था निराशाजनक देखिएको छ । पहिलो चौमासिकमा बागमती सरकारले ७ दशमलव ७१ प्रतिशत मात्र बजेट खर्च गरेको छ ।

२०७४ माघ २९ मा गठन भएको बागमती सरकारको बजेट खर्च अवस्था उस्तै छ । चार वर्ष अवधिमा चार वटा बजेट आइसकेको बागमतीमा तीन वटा सरकार गठन भइसकेका छन् ।

तर, बजेट खर्च बढ्न सकेको छैन । पूर्वमुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको सरकारले ल्याएको बजेट अहिले मुख्यमन्त्री राजेन्द्र पाण्डे नेतृत्वको सरकारले संचालन गरिरहेको छ । सरकार परिवर्तन भएपनि बजेट खर्चको अवस्था उस्तै छ ।

कोष तथा लेखा नियन्त्रक कार्यालयका अनुसार बागमतीमा गत आर्थिक वर्ष २०७७/०७८ को पहिलो चौमासिकमा पनि ८ प्रतिशत मात्र बजेट खर्च भएको थियो । अघिल्लो आर्थिक वर्ष २०७६/०७७ मा पनि पहिलो चौमासिकमा खर्च अवस्था ७ दशमलव ७५ प्रतिशत थियो । तीन वर्ष लगातार सरकारले चार महिनामा खर्च गरेको अवस्था उस्तै छ ।

यो तथ्यांक हेर्दा चालु आवमा पनि अघिल्ला बर्षहरुझैं ३० प्रतिशतको हाराहारीमा बजेट फ्रिज हुने कार्यालयको अनुमान छ । चालु आवमा ५७ अर्ब ७७ करोड १४ लाख २७ हजार रुपैयाँ बजेट ल्याएको बागमतीमा कात्तिक मसान्तसम्म ४ अर्ब ४५ करोड १८ लाख ९३ हजार ८ सय ४० रुपैयाँ अर्थात् ७ दशमलव ७१ प्रतिशत बजेट खर्च भएको हो ।

कार्यालयका अनुसार बागमती सरकारले हालसम्म १० चालु ४ दशमलव ८५ पुँजीगत र २० प्रतिशत वित्तिय खर्च गरेको छ । ७ अर्ब ५० करोड ५६ लाख ४१ हजार चालु बजेट रहेकोमा हालसम्म १ अर्ब ३२ करोड ८३ लाख २३ हजार ५ सय १५ रुपैयाँ मात्र खर्च गर्न सकेको छ । २९ अर्ब ८४ करोड ९४ लाख १३ हजार पुँजीगत बजेट छुट्याइएकोमा १ अर्ब ४४ करोड ६७ लाख ७४ हजार ५ सय ९ रुपैयाँ मात्र खर्च भएको कार्यालयका सूचना अधिकारी राजेन्द्र पाण्डेले जानकारी दिए ।

चालु आर्थिक वर्ष २०७८/०७९ मा आर्थिक मामिला तथा योजना मन्त्रालयले सबैभन्दा बढी खर्च गरेको छ । मन्त्रालयले पहिलो चौमासिकमा १० प्रतिशत खर्च गरेको तथ्यांक छ । दोस्रोमा सबैभन्दा बढी खर्च उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले गरेको छ । मन्त्रालयका लागि छुट्याइएको कुल बजेटको ८ दशमलव ११ प्रतिशत खर्च भएको छ ।

भौतिक पूर्वाधार विकास मन्त्रालयले कुल बजेटको ६ दशमलव ३४ प्रतिशत खर्च गरेको छ । २१ अर्ब १९ करोड ५६ लाख ३१ हजार बजेट पाएको मन्त्रालयले पहिलो चौमासिकमा कुल बजेटको ६ दशमलव ३४ प्रतिशत अर्थात १ अर्ब ३४ करोड ३५ लाख ७४ हजार १ सय ९१ रूपैयाँ खर्च गरेको कोष तथा लेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी राजेन्द्र पाण्डेले बताए ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले ६ प्रतिशत अर्थात २३ करोड १५ लाख २२ हजार ७ सय ९८ रूपैयाँ खर्च गरेको छ । सामाजिक विकास मन्त्रालयले कुल बजेटको ५ दशमलव ६१ प्रतिशत बजेट खर्च गरेको छ । ११ अर्ब ६५ करोड ६३ लाख ५५ हजार कुल बजेट र हेको मन्त्रालयले ४ महिनामा ६५ करोड ३५ लाख ४२ हजार ७ सय ८८ रुपैयाँ खर्च गरेको हो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १ दशमलव ७० प्रतिशत मात्र खर्च गरेको छ ।

## माओवादी केन्द्रको बागमती प्रदेश कमिटीमा मकवानपुरबाट १९ जना सदस्य चयन

हेटौंडा/काठमाडौंमा सम्पन्न नेकपा माओवादी केन्द्र बागमती प्रदेशको प्रथम सम्मेलनले नयाँ प्रदेश कमिटी चयन गरेको छ ।

सम्मेलनले हाल २ सय ३० सदस्यीय कमिटी निर्माण गरेको हो । हाल २ सय ३० सदस्यीय रहने र अध्यक्ष चयनपछि ३० जना मनोनीत गरिने जनाइएको छ । कमिटीमा हाल मकवानपुरका १९ जना समेटिएका छन् ।

प्रदेश सांसदसमेत रहेका प्रेमबहादुर पुलमी (छिन्तु), बिष्णु बिष्ट (आदर्श), प्रदेश सांसद ओमबहादुर घलान (प्रदिप) वीर बहादुर घलान (ज्वाला), प्रल्हाद लामिछाने (समीर), सर्केस घलान (मधु), भिम पाखिन, ललित बहादुर घलान (ध्रुब), बीर बहादुर राई (विवेक), सागर बानियाँ (शंकरराज), प्रमिला लामा पुलामी (श्रद्धा), लक्ष्मी पाखिन (डोल्मा), सीता पुलामी (रेखा), मान कुमारी नेपाली (आशा), लक्ष्मी माझी (कृपा), बच्छु खड्का गोले (सुनिता), लबशेर बिष्ट सदस्यमा चयन भएका हुन् ।

ज्योति रायमाझी प्रदेश सल्लाहकारमा र इन्द्र श्रेष्ठ कार्यालय सचिव चयन भएको माओवादी केन्द्र जिल्ला कमिटी मकवानपुरले जनाएको छ ।

## कर्रा करिडोरमा डेढ करोड थप



साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका-४ र ८ मा पर्ने कर्रा करिडोर निर्माण सुरु गरिएको छ ।

डेढ करोड लागत र बहुबर्षिय योजनामा कर्रा खोला किनारमा करिडोर निर्माण गरिएको हो । करिडोर निर्माणका चालु आर्थिक वर्ष २०७८/०७९ मा एक करोड ५० लाख रुपैयाँ छुट्याइएको छ ।

चालु आर्थिक वर्षको बजेट किताबमै डेढ करोडको बजेट समावेश गरेर हेटौंडा-४ र ८ नम्बर वडा दुबै तर्फबाट कर्रा करिडोरको निर्माणको काम भइरहेको मेयर हरि बहादुर महतले बताए ।

गत आर्थिक वर्षमा पनि दुबैतर्फ गरेर एक करोड रुपैयाँ लागतमा खोलाको किनारमा वाल निर्माणको काम भएको थियो । धमिलो कर्रा खोलालाई सुन्दर बनाउँदै वाकिङ् ट्र्याक, साइकलिङ् ट्र्याक, फूलैफूल रोपेर झकिझाउ पारिने महतले बताए ।

कर्रा पुल मुनीबाट सुरु गरिएको काम कर्रा खोलाको सिरानसम्म काम गर्ने गरी तयारी गरिएको छ । बहुवर्षे योजनाअनुसार काम गरिँदै लगिने छ ।

चालु आर्थिक वर्षमा गरिने कर्रा करिडोरको मेयर महतले शिलान्यास गरेका छन् । कार्यक्रममा हेटौंडा-४ का वडा अध्यक्ष नविन सिग्देललगायतको आतिथ्यता रहेको थियो ।

हेटौंडाका दुबै वडाका कर्रा खोलाको किनारबाट करिडोर निर्माण गर्न लागिएको मेयर हरि बहादुर महतले बताए । हेटौंडाको कर्रालाई पहिले भइरहेको अवस्थाबाट पर्यटकीय गन्तव्यका रुपमा बिकास गर्दै घुम्न, हिँड्न र साइकलिङ् ट्र्याकका रुपमा निर्माण गर्न लागिएको उनले बताए ।

### सातौं भेट्रान्स कप फुटबल प्रतियोगिता सुरु

## हेटौंडा भेट्रान्स (बी)को विजयी सुरूवात

साझाकुरा संवाददाता



हेटौंडा/सोमबारबाट सातौं हेटौंडा भेट्रान्स कप फुटबल प्रतियोगिता सुरु भएको छ ।

हेटौंडा भेट्रान्स क्लबको आयोजनामा भएको प्रतियोगिता हेटौंडा उपमहानगर प्रमुख हरिबहादुर महतले उद्घाटन गरेका हुन् । पुस ३ गतेसम्म जारी रहने प्रतियोगितामा १८ भेट्रान्स क्लबहरुले सहभागिता जनाएका छन् ।

प्रतियोगितामा ४० वर्ष माथिका उमेर समूहका पुर्व राष्ट्रिय खेलाडीहरु सहितको सहभागिता रहेको कार्यक्रम संयोजक मणिराज गौतमले जानकारी दिए । सोमबार भएको उद्घाटन खेलमा आयोजक हेटौंडा भेट्रान्स (बी)ले विजयी सुरुवात गरेको छ ।

सोमबार सिमरा भेट्रान्सलाई टाइब्रेकरमा पराजित गर्दै हेटौंडा भेट्रान्स (बी)ले जित हात पारेको हो । खेलको निर्धारित समयमा गोल हुन नसकेपछि ट्राइब्रेकरमा हेटौंडा भेट्रान्स क्लब (बी)ले ३-२ गोल अन्तरले जित्न सफल भएको हो ।

खेलको म्यान अफ द म्याच हेटौंडा भेट्रान्सका सरोज राजथला घोषित भएका छन् । सोमबारको खेलमा चितवन राष्ट्रिय भेट्रान्सले वाइ पाएको छ । हाम्रो वीरगञ्ज क्लब सहभागि नभएपछि चितवनले वाइ पाएको हो ।

प्रतियोगितामा प्रथम हुनेले नगद १ लाख ११ हजार १ सय ११ रुपैयाँ शिल्ड, दोस्रो हुनेले नगद ५५ हजार ५ सय ५५ रुपैयासहित शिल्ड प्राप्त गर्ने हेटौंडा भेट्रान्सका उपाध्यक्ष नवराज बज्राचार्यले जानकारी दिए । खेलमा उत्कृष्ट मिडफिल्डर, फरवार्ड, डिफेन्डर, गोलकिपर र समूह कोचलाई जनही ५ हजार नगदले पुरस्कार प्रदान गरिनछ ।

हेटौंडा ५ क्याम्पाचौरमा रहेको खेलमैदानमा भएको प्रतियोगितामा आज मंगलबार पाँच वटा खेल हुने जनाइएको छ । मंगलबार पहिलो खेल सानो गौचरण नाइट किंग र विहानी क्लब फरेष्ट्री हेटौंडाबीच, दोस्रो खेल एबिसी पोखरा र कालभैरव क्लब हेटौंडाबीच हुने आयोजकले जनाएको छ । त्यस्तै नागस्वती भेट्रान्स हेटौंडा र वीरगञ्ज युथ क्लबबीच हुनेछ भने बौद्ध भेट्रान्स काठमाडौं र बानेश्वर फुटबल क्लब काठमाडौंबीच हुनेछ । त्यस्तै, पाँचौं खेल अभिषेक चर्च नवलपरासी र जोरपाटी काठमाडौंबीच प्रतिस्पर्धा हुने जनाइएको छ ।

**कोरोना संक्रमणको नयाँ भेरियन्ट ओमिक्रोन भेटिएको छ । यसबाट बच्न मास्क र स्यानिटाइजरको अनिवार्य प्रयोग गरौं, भौतिक दुरी कायम राखौं ।**




## कर्मचारी आवश्यकता

**नयाँ व्यवस्थापनका साथ अमलेखगञ्जको जस्तै लोकल कुखुराको लगायत मासुको आइटम स्वाद लिइ हेटौंडा-३, बसामाडि स्थित सञ्चालनमा रहेको यस होटलको लागि निम्न बमोजिमका कर्मचारीहरु आवश्यक परेको हुँदा सम्बन्धित काममा दक्ष तथा अनुभवीले तुरुन्त सम्पर्क गर्नुहोला ।**

**तपशलिः**


वेटर- १ जना,
कुक- १ जना,
हेल्पर १ जना

**तलब/सुबिधाः आपसी समझदारीमा तय गरिनेछ ।**

## होटल म्याक्स

हेटौंडा-३, बसामाडी,
मो.नं. ९८४५०२५७२७




**पत्रिका नआएमा तुरुन्त ०५७-५२१११५ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।
हामी तपाईंको घरदैलोमा पत्रिका पुऱ्याउने छौं ।**

साझाकुरा

## हाम्रो कुरा

# सुशासन कागजमा मात्र

देशभर सुशासनका योजनाहरु अधिक बनेका छन् । तर, अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरीको चाङ घटेको छैन । बर्षेनी अख्तियारमा उजुरी मात्र बढेका छैनन्, अनियमितता र भ्रष्टाचारका मुद्दाहरु थुप्रिन थालेका छन् । यसले पनि सुशासन कागजमा मात्र सीमित रहेको प्रष्ट देखिन्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय हेटौंडामा चालू आर्थिक वर्ष २०७८/०७९ को हालसम्म अर्थात विगत पाँच महिनामा नौ सय १७ वटा उजुरी दर्ता भएको छ । आयोगको कार्यालयको प्रतिवेदनअनुसार चालु आर्थिक वर्ष २०७८/७९ को साउनदेखि मंसिर २० गतेसम्ममा परेकोमध्ये ३३० फछ्र्यौट भएको छ भने ५८७ वटा उजुरी फछ्र्यौट हुँन बाँकी रहेको जनाइएको छ । कार्यालय प्रमुख रबीन्द्र शर्माद्वारा प्रस्तुत प्रतिवेदनमा ११ जिल्लाकार्य क्षेत्र रहेको सो कार्यालयमा बारा जिल्लाको सबैभन्दा बढी उजुरी परेको उल्लेख छ ।

बिगत पाँच महिनामा परेको कुल उजुरीमध्ये बाराबाट २४९, पर्साबाट १८७, मकवानपुरबाट १७३, रौतहटबाट १६०, चितवनबाट ९०, दोलखाबाट १६, धादिङबाट १५, काभ्रेपलान्चोकबाट १२, र मिेछापबाट १२, सिन्धुपाल्चोकबाट दुई र नुवाकोटबाट एक उजुरी परेको प्रतिवेदनमा उल्लेख गरिएको छ । भ्रष्टाचार एवम् अनियमितताका सम्बन्धमा सबैभन्दा बढी बाराको २४९ उजुरी परेको छ भने मन्त्रालयगतअनुसार संघीय मामिलाको (स्थानीय तह)को सबैभन्दा बढी ४४४ उजुरी परेको छ । १५ जिल्ला कार्यक्षेत्र रहेको कार्यालयमा आर्थिक वर्ष २०७०/०७१ देखि गत आर्थिक वर्ष २०७७/०७८ सम्ममा १० हजार ३ सय ७० वटा उजरी दर्ता भएको थियो । कार्यालयको तथ्यांक अनुसार आठ वर्ष अवधिमा सबैभन्दा बढी आव २०७१/०७२ मा २ हजार २ सय ९८ उजुरी परेका थिए । ती मध्ये १ हजार ४ सय ३४ फछ्र्यौट र ८ सय ६४ बाँकी रहेको थियो । २०७१/०७२ मा कार्यालयले ६२ दशमलव ४ प्रतिशत उजुरी फछ्र्यौट गरेको थियो ।

सोहि अवधिमा सबैभन्दा कम आव २०७०/०७१ मा सबैभन्दा कम ३९ दशलमव ७ प्रतिशत मात्र उजुरी फछ्र्यौट गरिएका छन् । २०७०/०७१ मा दर्ता भएका २ हजार ५५ उजुरीमध्ये ८ सय १५ फछ्र्यौट र १ हजार २ सय ४० बाँकी रहेको तथ्यांकमा उल्लेख छ । आव २०७२/०७३ मा १ हजार ३ सय ५ दर्ता, १ हजार २४ फछ्र्यौट र ३ सय ६१ बाँकी, २०७३/०७४ मा ७ सय ९८ दर्ता भएका उजुरी मध्ये ५ सय २७ फछ्र्यौट र २ सय ६१ बाँकी रहेको थियो । हेटौंडामा अख्तियारको कार्यालय स्थापनापछि २०७४/०७५ मा दर्ता भएका उजुरी संख्या हालसम्मकै न्यून छ । कार्यालयका अनुसार २०७४/०७५ मा ६ सय ७९ उजुरी दर्ता भएको थियो । त्यस अवधिमा ४ सय फछ्र्यौट र २ सय ७९ बाँकी रहेको जनाइएको छ । आव २०७५/ ०७६ मा १ हजार १ सय उजुरीमध्ये ७ सय ७१ फछ्र्यौट, २०७६/०७७ मा १ हजार १ सय २६ मध्ये ७ सय ८ फछ्र्यौट र २०७७/०७८ मा ९ सय २९ दर्ता, ५ सय १६ फछ्र्यौट गरिएको कार्यालयले जनाएको छ । यो तथ्यांकको अवस्था हेर्दा पनि प्रष्ट हुन्छ की, अनियमितता घटाउने अनेक योजनाहरु सरकारी दराजमा थन्काएर तीनै तहको सरकारले कर्मचारीलाई नियमन गर्न सकेका छैनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक
साझाकुरा

## भोलिको पात्रो

भोलि वि.सं. २०७८ मंसिर २९ गते बुधबार १५ डिसेम्बर २०२१ । मार्ग शुक्ल द्वादशी । थिंलाथ्व द्वादशी ११४१ । सूर्योदय ६:४६ र सूर्यास्त ५:११ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आफन्तजन भेट | **तुला** | : अध्ययनमा बाधा |
| **वृष** | : भित्रजन भेट | **वृश्चिक** | : धन प्राप्ति |
| **मिथुन** | : प्रेममा सफलता | **धनु** | : शत्रुबाट मुक्त |
| **कर्कट** | : शुभ कार्यको थालनी | **मकर** | : धन नष्ट |
| **सिंह** | : सुख प्राप्ति | **कुम्भ** | : मिष्ठान्न भोजन |
| **कन्या** | : यात्राको योग | **मीन** | : आलश्यता |

# काँग्रेस महाधिवेशनको सम्भावित परिणामको प्रक्षेपण



डा.प्रदीप भट्टराई

नेपालकै जेठो पार्टी नेपाली काँग्रेसको १४ औं महाधिवेशन राजधानी काठमाडौंमा जारी छ । देशका दुई राष्ट्रिय पार्टी नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीको महाधिवेशनपछि आयोजना भैरहेको काँग्रेसको यो महाधिवेशन एमालेको जस्तो होला कि राप्रपाको जस्तो होला या त्यो भन्दा फरक होला ? फरक भए के कति मानेमा फरक होला र त्यसले देशको राजनीतिलाई कत्तिको असर गर्ला ? आम मानिसमा नभए पनि राजनीतिको एउटा तह र विचार विनिर्माणको घेरामा रहेको एउटा तप्काले यी प्रश्नहरूको उत्तर पर्खिरहेको छ ।

**नेताप्रधान संस्कृति**

नेपाली काँग्रेस मूलत: अमेरिकामा जीओपी भनेर चिनिने ग्राण्ड ओल्ड पार्टी अर्थात् रिपब्लिकन पार्टी जस्तै हो । यो एक पुरातनवादी पार्टी नै हो । सामान्यत: पार्टी निर्माणको थेसिस के हो भने पहिला नीति बनाउने अनि त्यसको आधारमा नेता बनाउने । तर, काँग्रेस सुरूदेखि नै एन्टी थेसिसमा बनेको पार्टी हो । अर्थात् पहिला काँग्रेसले नेता पायो, त्यसपछि मात्र उनीहरूले नीति खोजे ।

काँग्रेसको जन्मताका नै अमेरिकी संविधानको पहिलो संशोधन भएको थियो । त्यही संशोधनमा समेटिएका पाँच आधारभूत अधिकार मध्ये चारलाई टपक्क टिपेर काँग्रेसले आफ्नो राजनीतिक सिद्धान्त बनायो । ती हरेक अधिकारलाई एक एक ताराले प्रतिनिधित्व गराएर चारतारे झण्डा बनायो । लगत्तै यूरोपमा प्रजातान्त्रिक समाजवादको लहर चल्यो । काँग्रेसले पनि त्यही चार खम्बे स्वतन्त्रतालाई प्रजातान्त्रिक समाजवाद भनिदियो । यसरी सैद्धान्तीकरण गरिएको काँग्रेस एन्टी थेसिसमा बनेको राजनीतिक पार्टी भएकाले यो नीतिप्रधान होइन, नेताप्रधान रहँदै आयो । सुरूवातमै यो कोइराला र कोइरालाविरोधी दुई खेमामा बाँडिएको थियो । आजपर्यन्त काँग्रेस त्यही मियोको आधारमा ध्रुवीकरण हुँदैआएको छ ।

**गुटीय अभ्यासको पुस्तान्तरण**

अहिले मूलत: कोइराला परिवारविरोधी खेमाको नेतृत्व देउवाले गरेका छन् र अहिले यो पार्टीमा संस्थापन पक्ष भएको छ । उता, कोइराला पक्षधरको नेतृत्व रामचन्द्र पौडेलले गरेका छन्, यो पक्ष अहिले संस्थापनइतर पक्ष हुन पुगेको छ । यी दुवैमा नअटाएकालाई जोडेर कृष्णप्रसाद सिटौलाले अर्को पक्ष बनाएका छन् । सिटौला पक्ष भनेर चिनिने यो समूहमा अरू दुई पक्षमा ठाउँ पाउँदा उतै जाने र नपाउँदा ओत लाग्न आउने खालको अभ्यास जारी छ । यो अभ्यासमा खासगरी तेस्रो र चौथो पुस्ताका नेता कार्यकर्ता भेटिन्छन् ।

काँग्रेसजनका यी गुट-उपगुटमा जिल्ला र क्षेत्रको राजनीति अनि व्यक्तिगत सम्बन्धका अन्य आयाम पनि जेलिएका छन् । सिटौला समूह सानो भएकाले यसमा खासै उपगुट नभए पनि देउवा र पौडेलका गुटमा अनेकौ उपगुट छन् । यसरी हेर्दा काँग्रेसमा विचारका हिसाबले कुनै ध्रुवीकरण छैन । पहिलो पुस्ताका नेतादेखि कायम रहँदै आएको व्यक्तिप्रधान गुट उपगुटको विरासत अहिले छोरापुस्तामा सरेको छ । एक किसिमले भन्दा काँग्रेस निर्दलीय चरित्रको पार्टी हो जहाँ व्यक्तिका पछि नेता कार्यकर्ता लाग्छन् र गुट-उपगुट बनाउँछन् । अनि, पार्टी तिनै गुट-उपगुटको कब्जामा जाँदा नीतिविहीन भएर नेताको वरिपरि घुमिरहन्छ । काँग्रेस जन्मजातै यो रोगको शिकार हुँदै आएको हो । यही क्रमले निरन्तरता पाउँदा यतिबेला काँग्रेस विचारविहीनको भिड बन्न पुगेको हो । अब काँग्रेसमा बाँकी भनेकै केही नेताहरूका तस्बिर, चारतारे झण्डा र बूढो रूख मात्रै छन् ।

**कम्युनिष्टको क्रियाको प्रतिक्रियामा सीमित**

मुलुकमा कम्युनिष्ट टुक्रिँदा काँग्रेसलाई त्यतिले मात्रै पनि सिंहदरबारमा पुऱ्याइहाल्छ, मिले भने सिंहदरबारबाट टाढा पुग्नुपर्छ । कम्युनिष्टमा टुटफुट र एकता एक किसिमको नियमित प्रक्रिया नै भएकाले उनीहरू आफैं कहिले काँग्रेसलाई सिंहदरबारमा पुऱ्याइदिन्छन्, कहिले बाहिर पठाइ दिन्छन् । काँग्रेसले क्रिया गर्नैपर्दैन, प्रतिक्रिया मात्र गरिदिए पुग्छ ।

प्रस्तुत पृष्ठभूमिमा आयोजना भैरहेको काँग्रेस महाधिवेशनमा विचार माथि बहस हुने कुरै भएन । यद्यपि, आफूलाई प्रजातान्त्रिक विचारको वाहक ठान्ने काँग्रेससँग कुनै न कुनै किसिमको साइनो गाँसिएका केही बुद्धिजीवीहरूले विचारको कोणबाट बहस गर्न खोज्छन् । तर, विचार नै नभएको पार्टीमा त्यो बहस आधारविनाको तर्कनामा परिणत हुन्छ र महाधिवेनको सेरोफेरोमा उब्जिएर त्यसको आसपासमै कर्कलाको पानीझैं बिलाउँछ । त्यसपछिको बाँकी चार वर्ष केही कुरै निस्कँदैन । सत्तामा हुँदा होस् वा बाहिर, कम्युनिष्ट आफैँले आवश्यकताअनुसार पक्ष विपक्ष भएर रमिता देखाइ हाल्छन्, उनीहरूले प्रतिक्रिया दिए मात्र पुग्छ ।

यसपटकको कुरा गर्ने हो भने त काँग्रेसी बुद्धिजीवीले त्यो कोणबाट तर्कना गर्ने जाँगर पनि खासै चलाएको देखिदैन । फलत: यो महाधिवेशन विचारको कोणबाट एक किसिमको निर्जीव महाधिवेशनजस्तै बन्न पुगेको छ । महाधिवेशन सुरू भैसकेको यतिबेला पनि लगभग एकैखाले समाचार आइरहेका छन्, संस्थापन र संस्थापन इतर समूहमा सर्वसम्मत उम्मेद्वारी हुन सकेको छैन, प्रयास जारी छ ।

**परिणामको सम्भावित प्रक्षेपण**

काँग्रेसलाई नजिकबाट बुझेको दाबी गर्ने राजनीतिक पण्डितहरू के बताइरहेका छन् भने अनेक गुट उपगुटमा जेलिएको काँग्रेसको संस्थापन र संस्थापन इतर दुवै पक्षसँग ५० प्रतिशत मत छैन । उनीहरूको प्रक्षेपणमा सिटौलासँग थोरै भए पनि निर्णायक मत छ । अर्थात्, यतिबेला काँग्रेस सत्ताको साँचो सिटौलाको हातमा छ । पछिल्लो समाचारअनुसार सत्ता अंकगणितका माहिर खेलाडी देउवाले त्यो साँचो आफ्नो हातमा लिइसकेका छन् । यसका लागि सिटौला महामन्त्री, उपमहामन्त्री र केन्द्रीय सदस्यहरूका लागि थापेको च्याँखेदाउमा कामयाब भैसकेका छन् । यद्यपि, देउवाले आफ्नो मात्र जीतलाई ध्यानमा राखेर सिटौलालाई बढी नै दिएको भनेर उनकै कित्तामा विरोधको सामना गर्नुपरेको समाचार बाहिरिएको छ । संस्थापन पक्षबाट विमलेन्द्र निधि पनि उम्मेद्वारबाट पछि नहटिरहेको यो अवस्थामा सिटौलाबाट थपिएको संख्याले निधिले घाटा लगाएको संख्या मात्र पनि सोधभर्ना हुन नसक्ने अवस्था देखिँदैछ । जसले गर्दा, संस्थापनको कोणबाट हेर्दा पनि काँग्रेसले पहिलो चरणमै आफ्नो सभापति पाउने छाँट देखाइरहेको छैन, परिणामका लागि दोस्रो चरण नै पुग्नुपर्ने जस्तो देखिन्छ ।

उता, संस्थापन इतर पक्षबाट पनि सर्वसम्मत उम्मेद्वारी हुने छाँट देखिएको छैन । देउवाले सिटौला मिलाइसकेको अवस्थामा जित्नलाई मात्र हैन, प्रतिस्पर्धा गर्न मात्र पनि एक मात्र उम्मेद्वार हुन जरूरी छ । यसका लागि सम्भावित उम्मेद्वार र नेतामाथि चर्को दवाव सिर्जना भएको छ । तर, पछिल्लो परिदृश्यले त्यस्तो सम्भावना लगभग सकिएको जस्तो देखिएको छ । खासगरी, गणेशमान पुत्र प्रकाशमान सिंह यसपटक सहमति हुन्छ भने चाक्सीबारीका पक्षमा हुन्छ, हुँदैन भने कसैको पक्षमा पनि हुँदिनँ भनेर लागिपरेका छन् । उनको चट्टानी अडानले रामचन्द्र पौडेलको संस्थापन इतर पक्षको सर्वसम्मत उम्मेद्वार हुने चाहनामा दर्शन ढुंगा लागेको छ । यो अवस्थामा संस्थापन इतर पक्षबाट शेखर कोइराला र प्रकाशमान सिंह उम्मेद्वार हुने सम्भावना बढ्दो छ ।

अहिलेसम्मको स्थिति हेर्दा यसपटक काँग्रेसमा सभापतिका लागि कम्तिमा चार उम्मेद्वार हुने अवस्था देखिन्छ । संस्थापन पक्षबाट शेर बहादुर देउवा र विमलेन्द्र निधि अनि संस्थापन इतर पक्षबाट शेखर कोइराला र प्रकाशमान सिंह । काँग्रेसमा उम्मेद्वार आकांक्षीको ठूलो भिड भएकाले चारैजनाले भरसक प्यानल बनाएर, नभए पनि आफ्नो प्यानलबाट धेरैभन्दा धेरै उम्मेद्वारी दिने सम्भावना बढ्दो छ । त्यस्तो गञ्जागोल माहौलमा को कुन प्यानलको उम्मेद्वार हुन्छ भन्न पनि सकिँदैन । यदि त्यस्तो भएमा पहिलो चरणमा निर्णय आउने सम्भावनाको पारो लगभग शुन्यमै पुग्छ । यो टिप्पणी लेखिरहेको बेला कल्याण गुरूङले सभापतिमा उम्मेद्वारी दर्ता गरिसकेका छन् । तर, उनको उम्मेद्वारी सांकेतिकभन्दा बढी हुने देखिँदैन ।

अब प्रश्न रहन्छ- यस्तो अवस्थामा पहिलो र दोस्रो मतभारका साथ दोस्रो चरणमा कुन कुन प्रत्याशी पुग्छन् त ? यो अवस्थामा पहिलो हुने त शेरबहादुर देउवा नै हुन् । किनकि उनले सिटौला मिलाइसकेका छन् ।विजय गच्छेदार उनैसँग छन्, राप्रपाका सुनील बहादुर थापा पनि उनीसँगै छन् । सरकार उनकै छ, पैसा पनि उनीसँग छ र राजनीतिक हिसाकिताब गर्ने क्याल्कुलेटर पनि बालुवाटारमै छ ।

यी सबै अनुकूलताले देउवालाई पहिलो चरणमै ५० प्रतिशत नपुगे पनि हाराहारीको मतले पहिलो बनाउँछ । विमलेन्द्र निधि चौथो हुनसक्छन् । किनकि, उनको मूल आधार मधेश हो । मधेशको चरित्र सत्तामुखी र पैसामुखी देखिन्छ । प्रदेश नम्बर २ को जिल्ला र क्षेत्रीय निर्वाचनको परिणामले पनि त्यसको ताजा तस्बिर प्रस्तुत गरिसकेको छ । अब प्रश्न बाँकी रहन्छ, दोस्रो चरणमा देउवासँग प्रतिस्पर्धा गर्न पहिलो चरणमा दोस्रो मत कसको पक्षमा आउला ? शेखर र प्रकाशमान चुनावमा जाँदा शेखरकै सम्भावना बढी देखिन्छ । पहिलो त कोइराला फ्याक्टर नै हो, दोस्रो प्रकाशमान बागी भएको सन्देश संस्थापन इतर पक्षमा गएको छ । तेस्रो रामचन्द्र, शशांकलगायतका नेताको समर्थन पनि शेखरलाई नै हुनेछ । चौथो शेखर यसबीचमा देशव्यापी दौडाहामा पनि निस्केका छन् र उनी कम परीक्षित उम्मेद्वार भएकाले खासगरी युवा मतदातामा उनीप्रतिको लगाव पनि छ ।

यसपछि दोस्रो चरणमा के हुन्छ ? भन्ने प्रश्न बाँकी रहन्छ । पल्ला त फेरि पनि देउवाकै पक्षमा भारी हुन्छ । त्यतिबेला भने निधि फ्याक्टर निर्णायक हुन सक्छ । देउवाले अर्को पालि पक्का भनेर आश्वासन दिए र निधिले पनि ठीकै छ नि त भनेर स्वीकारे भने फेरि पनि देउवा नै काँग्रेस सभापति हुनेछन् । हैन, यही बेला हो देउवासँग बदला लिने भन्ने ठाने भने देउवालाई अफ्ठ्यारो पर्न सक्छ । यस्तो अवस्थामा बिच्किएका प्रकाशमान र उनको पक्षधरले के गर्छन् भन्ने पनि हुन्छ ।

अहिलेसम्मको वस्तुस्थितिलाई आँकलन गर्दा देखिने सम्भावित परिदृश्य हो यो । तर, यसका लागि काँग्रेस राजनीति सिधा बाटोमा हिंड्नुपर्छ । तर, दुर्भाग्य काँग्रेस राजनीति अन्तिम अवस्थामा बुमऱ्याङमा पर्दै आएको इतिहास छ । महाधिवेशन हो, पहिलो चरणबाट नभए पनि दोस्रो चरणमा प्रवेश गरेर काँग्रेसले आफ्नो नेतृत्व छान्छ नै । नेतृत्वमा जो आए पनि काँग्रेस मूलत: नेपालको जीओपी अर्थात् ग्राण्ड वल्ड पार्टी भएकाले विचारका हिसाबले फरक पर्ने हैन । व्यक्तिगत हिसाबले फेरि पनि संस्थापन पक्षले नै जित्दा काँग्रेस त्यही दिशा र गतिमा अगाडि बढ्दा थप भुत्ते हुने हो । संस्थापन इतरले जित्दा नयाँ सभापति आउँदा केही न केही मात्रामा फरक पर्न सक्छ भन्ने हो । काँग्रेसको स्वस्थ पार्टी जीवनका लागि भने देउवाको जित हैन, हार आवश्यक छ । देउवाबाट अब काँग्रेसले हासिल गर्न केही छैन, गुमाउने मात्र हो ।

**नतिजामाथि नजर**

तर, मुलुकको पछिल्लो तरल राजनीतिक स्थितिलाई मध्यजनर राख्ने हो भने काँग्रेसमा चुनिने नेतृत्वले देशको गति र दिशा नै फरक पर्न सक्ने सम्भावना देखिंदैछ । कारण, समीकरणको राजनीति आजका लागि नेपालको धरातलीय यथार्थ बन्नु हो । सत्ताका बाठा देउवालाई यो कुराको राम्रैसँग हेक्का छ । त्यसैले उनको जीत भयो भने उनी प्री-इलेक्सन समीकरणमै जान सक्छन् र अहिलेको पाँचदलीय गठबन्धन यथावत रहन सक्छ । तर, संस्थापन इतर पक्ष देउवाभन्दा फरक देखिनलाई पनि प्री-इलेक्सन गठबन्धन रूचाइ रहेको छैन । चुनाव एक्लै लड्ने र पछि आवश्यकताअनुसार पोष्ट-इलेक्सन गठबन्धनमा जाने उसको सोचाइ रहेको छ । यस कोणबाट हेर्दा भने काँग्रेस महाधिवेशनको म्याण्डेट मुलुकको लागि पेचिलो बन्ने संकेत देखिएको छ ।

आजको कोणबाट हेर्दा यी सबै अनुमान मात्र हुन् । तर, यी अनुमानका लागि विश्लेषणको केही भुईं छ । यथार्थचाँहि के हो भने महाधिवेशनबाट काँग्रेसले नयाँ नेतृत्व पाउँछ । त्योसँगै राजनीतिक गठबन्धनको सम्भावित चित्र र मुलुकको राजनीतिक गति र दिशा पनि छ्याङ्ग हुँदै जानेछ । अहिलेका लागि चाँहि काँग्रेस महाधिवेशनको प्रक्रियाभन्दा पनि परिणाम नै पर्खनुपर्ने हुन्छ । - अनलाईनखबर

# पुस्तान्तरित विसङ्गति र निष्ठाहीन राजनीति



रमेश भट्टराई

हास्यव्यंग्य निबन्धकार भैरव अर्यालले 'महापुरुषको संगत' निबन्धमा आठ जना महापुरुषहरू खाजेका छन् । निबन्धकारले त्यहाँ लम्बरी पण्डितले धेरै मोल आए गोरु बेच्ने नत्र बाहुनले गाईगोरु बेच्नु नहुने तर्कबाजका पात्रलाई राखेर मीठो व्यंग्य गरेका छन् । महास्वार्थी प्रवृत्तिको पराकाष्ठा निबन्धमा कलात्मक ढाँचामा प्रस्तुत भएको छ । आफ्नो बखान आफैँ गर्दै हिँड्ने तर नामचाहिँ सद्गुणानन्द भएका अर्का पात्र छन् ।

यथार्थमा यस निबन्धले नेतृत्वको स्वभाव र आचरणमा प्रश्न उठाएको छ । वास्तवमा नेतृत्वको नियतका कारण मुलुकको नियतिमा ठूलो आघात भइरहेको छ । विकासमा खर्चिनुपर्ने उन्नत समय सधैँ स्वार्थ, किचलो, अस्थिरता, सत्तालिप्साजस्ता राजनीतिगत कलुषित व्यवहारको गोलघरमा खर्चिएको छ । निबन्धकार अर्यालले निबन्धमा चयन गरेका आठ जना पात्रमध्ये 'बुहारीको जीउ होस् या त बिरालीको घिउ' जे बेचेर भए पनि पैसा नै कमाउने कालु साहू, यौनभोगी पण्डित गोपी गुरु, यसो विदेश पसिसक्दा भाषा र संस्कृति बिर्सने दाहाल बाबु भन्ने मान्छे स्वदेश फर्किसक्दा 'मिस्टर ड्याल बाउ' लगायतका गज्जबका पात्र र यथार्थ प्रसङ्ग आज पनि सुधारको बाटोमा देखिँदैन ।

उस्तै नै लाग्छन् अनि हामी जनता पनि कसैको पिछलग्गू मात्रै भइरह्यौं । यो समय विचारको संक्रमण र स्वार्थको बाध्यताले प्रभुत्व जमाएको छ । जनता असमञ्जसमा कुँजिएर बसेका छन् । समाज र राजनीतिभित्रका कलुषित आचरण र प्रवृत्तिले मुलुक नै विसङ्गतिभित्र जकडिएको छ । स्वभाव पाखण्डी भए पनि नेता नेतै हुने, निष्ठा र अनुशासन नभए पनि नेता नै हुने कुसंस्कारले राजनीतिमा असल व्यक्ति को छ भनेर खुट्याउनै सकिँदैन । स्थानीय तहमा समेत मतलबी समाजको प्रभुत्व हाबी हुँदै गएको छ । यसको मूल कारण काम गरेर देखाउन भन्दा काम नगरेर झुक्याउन चाहनेको अचम्मको प्रतिस्पर्धामा होडबाजी देखिन्छ । अनि, मान्छे कसैलाई बोकेर दगुरेको छ । उसका कमजोरीलाई ढाकछोप गर्ने नियतका कारण न्यायालयसमेत राजनीतिक अखडा हो कि भन्ने शंका उब्जिन्छ । अहिलेको अर्को ठूलो समस्या भनेको स्वच्छ पत्रकारिताको खडेरी हुनु पनि हो । राजनीतिले पत्रकारिता र सञ्चारलाई समेत नराम्ररी गाँजेको भान नहुने पटक्कै होइन ।

यसर्थ विसङ्गतिका लप्काले देश अर्धानो भएको जस्तो लाग्छ । हिजो एउटा समयमा राजतन्त्रको विरोध गर्दा असत्य हुन्थ्यो । त्यो असान्दर्भिक लाग्थ्यो । त्यतिखेर त सर्वहारा वर्गलाई नै 'म सर्वहारा हुँ' भन्ने थाहा थिएन । तथापि, राजतन्त्रात्मक व्यवस्थामा पनि त विकास र शान्तिकै पक्षमा नारा त घन्किन्थे नै । त्यतिखेर एक व्यक्ति र सीमित मान्छेको चाकडी गरेर केन्द्रीकरणको राजनीति हुन्थ्यो । बहुदलीय व्यवस्था भए पनि २०४६ पछि भ्रष्टाचार, स्वार्थ र गुटबन्दीको अभ्यासले त्याग र निष्ठा रहेन । संघीय पद्धतिमा रहँदासम्म पनि वर्तमान समाज र राजनीति चाकडी र स्वार्थमा अलमलिइरहेकै छ । स्वार्थको विषवृक्ष त झनै बहुल व्यक्तिमा विभाजित छ । चाकडीमा पनि उपचाकडीको स्वार्थ हिजोको तुलनामा तीन तहको सरकारदेखि कर्मचारीतन्त्रसम्म हलाहल विषजसरी फैलिएको छ ।

एउटा सत्य हिजोको एकतन्त्रात्मक व्यवस्थामा पनि थियो, किनभने त्यो स्थापित स्वार्थको तहमा पनि देशको स्वार्थतिर उन्मुख राजनीतिक पद्धतिचाहिँ थियो । स्वार्थको हिसाबमा त त्यतिखेर पनि जनताको समृद्धिकै अपेक्षा नगरिएको होइन, तर आफ्नो हालीमुहाली होओस् र रहिरहोस् भन्ने एउटा सोचले प्रश्रय पाइरहेको हो । आजसम्म पनि स्वच्छता, निष्पक्षता, नि:स्वार्थपनको अभाव वस्तुत: कायम छ । जनताले हजु-याइँ गर्नुपर्ने बाध्यता तब पनि यथावत् छ ।

राजतन्त्रमा चाहिँ अकाट्य शासन अनि विकासको कुरा जोड्दै लैजाने केन्द्रीकरणको सोचले परिवर्तनको कुरा कछुवा गतिमा चलेको देखिन्थ्यो । जीवनशैली बढी परम्परागत थियो । मान्छे आफ्नो तरिकाले गरिखान्थे । बाटाघाटा गाउँगाउँमा पुगेका थिएनन् । प्रविधिले फड्को मारेको थिएन । त्यो क्षण, परिवेश र सोचलाई हेर्दा मानिसहरू चिया गफभन्दा पेटको समस्या र आफ्नै कर्मतिर अल्झिएका देखिन्थे । जनतामा परिवर्तनको सोच जगाउने काम शिक्षाबाटै अलिक बढी भयो । पढालेखाहरूले नै समाज र व्यवस्थामा सुधारको अपेक्षा गरिरहँदा माओवादी द्वन्द्वले विकासको मार्गमा अवरुद्ध पारिदियो । भएका संरचना पनि बरु भत्काइए । जनतामा राज्यपक्ष र द्वन्द्वपक्षधर दुवैका कारणले त्रासैत्रासमा जिउनुपरेकाले सिर्जना र विकास गर्ने परिवेश भएन । तब मानिसले सुरक्षित स्थान रोज्नुपर्ने बाध्यताका कारण सहर तिर बस्नेको संख्या बढ्यो । तथापि, त्यो घटनाले विकासका लक्ष्यलाई पछाडितिर धकेलिदिएको भए पनि चेतनाको दैलो उघार्ने देनलाई पटक्कै बिर्सन मिल्दैन । जनलहरभित्र एउटा अधिकारको आवाज उठाउने श्रेय तत्कालीन द्वन्द्वरत माओवादी पार्टीलाई जान्छ ।

यद्यपि, परिणामको समीक्षामा चाहिँ विपरीत अर्थबोध हुनु स्वाभाविकै हो, किनभने माओवादी आन्दोलनको नेतृत्व गरेका प्रचण्ड सबैभन्दा धेरै समय सत्तापक्षभित्रै देखिनेमध्येमा पर्नुहुन्छ । उहाँ जुन जुक्ति लाएर भए पनि सत्ताका वरिपरि घुम्नेभित्रै गनिनुहुन्छ । चाहे कांग्रेससँग मिलेर होस् या कम्युनिस्ट एकताका सवालमा नेकपा एमालेसँग मिलेर नै पनि, उहाँलाई सायदै प्रतिपक्षमा बसेको देख्नुपरिरहेको छैन । निर्णायक बन्न नसके पनि गणतन्त्र र लोकतन्त्रको परिकल्पना गर्ने भूमिकाका लागि उहाँले आफ्नो हिजोको कर्मको फाइदा लिइरहनुभएको छ भन्दा अत्युक्ति नहोला ।

अब आजकै कुरा गर्ने हो भनेचाहिँ नेतृत्वमा अवसरका आशाले विचार र व्यवहारमा स्खलन भइरहने, अन्तरविरोध हुने अनि गुटवाद हाबी हुने अस्थिरताको चपेटामा आम नेपाली जनता प्रत्यक्ष परोक्ष दुवै रूपमा प्रताडित छन् । विकासको काममा भन्दा पार्टीको समस्या सुल्झाउनैमा यसअघिको सरकार लाग्यो ।

- बाँकी ३ पेजमा...

# पाराभेटेनरी एशोसिएसनमा कुमार



साझाकुरा संवाददाता

हेटौंडा/नेपाल पाराभेटेनरी एशोसिएशन मकवानपुरको दसौं जिल्ला अधिवेशन भएको छ ।

शनिबार हेटौंडामा भएको अधिवेशनले पुन: कुमार खड्काको अध्यक्षतामा नयाँ कार्यसमिति निर्वाचित गरेको छ ।

यसैगरी कार्यसमितिको उपाध्यक्षमा उत्तम अधिकारी, सचिवमा श्याम ढकाल र कोषाध्यक्षमा श्रीजना सुर्खेती निर्वाचित भएका हुन् । त्यस्तै सदस्यहरुमा संजोग अर्याल, धिरज पौडेल, नवीन अधिकारी, सीता भट्टराई, प्रदीप थिङ, सुदीप पराजुली र गोविन्द पुडासैनी निर्वाचित भएका छन् ।

एशोसिएशन मकवानपुरका अध्यक्ष कुमार खड्काको सभाध्यक्षतामा भएको भेलामा नेब्लाका केन्द्रिय अध्यक्ष राम प्रसाद मेहेताको प्रमुख आतिथ्यता रहेको थियो ।

भेलामा पशु विज्ञ केन्द्र तथा भेटेनरी अस्पताल हेटौंडाका सुचना अधिकारी डा.ध्रुव डिसिलगायतको आतिथ्यता रहेको थियो ।

# पञ्चरत्नबाट ६ करोड ऋण प्रवाह

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा-२ स्थित पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आव २०७७/०७८ मा ६ करोड ऋण प्रवाह गरेको छ ।

सहकारीको पाँचौं साधारणसभामा प्रस्तुत प्रतिवेदनमा एक वर्ष अवधिमा ७ करोड बचत र ६ करोड ऋण लगानी गरिएको उल्लेख छ । शनिबार सहकारीका अध्यक्ष भोजमान श्रेष्ठको अध्यक्षतामा साधारणसभा भएकोहो । साधारणसभामा हेटौंडा उपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्यता रहेको थियो । सहकारीमा हाल १ हजार २ सय ९२ जना शेयर सदस्यबाट १ करोड ७८ लाख रुपैयाँ पूँजी संकलन गरिएको छ ।

# मतदानमा स्वविवेक प्रयोग गर्नुस् : महामन्त्री कोइराला

काठमाडौं (रासस)/ नेपाली कांग्रेसका महामन्त्री डा शशांक कोइरालाले १४औं महाधिवेशनका प्रतिनिधिलाई स्वविवेक प्रयोग गरेर मतदान गर्न आग्रह गरेका छन् ।

महाधिवेशनको मतदानस्थल भृकुटीमण्डपमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै महामन्त्री कोइरालाले आफूले पनि तटस्थरुपमा आफ्नो स्वविवेक प्रयोग गर्ने भन्दै सबै मतदातालाई पनि स्वविवेक प्रयोग गर्न आग्रह गरे ।

उनले सभापति र पदाधिकारीका लागि हाल प्रतिस्पर्धामा रहेका कुनै प्यानलमा पनि आफू नरहेको र आफूले स्वतन्त्ररुपमा आफ्नो मतदानको प्रयोग गर्ने बताए । कांग्रेस महाधिवेशनअन्तर्गत सोमबार मतदानको कार्यक्रम तोकिएको छ । बिहान ८ बजेदेखि मतदान सुरु हुने भनिए पनि मतपत्र छाप्न ढिलाइ भएकाले ढिलागरी मतदान सुरु भएको हो । कांग्रेसको १४औं महाधिवेशनका लागि चार हजार ७४३ जना महाधिवेशन प्रतिनिधि मतदाता छन् ।

यी प्रतिनिधिले आगामी चार वर्षका लागि काँग्रेसको नयाँ नेतृत्व छनोट गर्नेछन् । महाधिवेशनमा सभापतिका लागि कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा, पार्टी उपसभापति विमलेन्द्र निधि, पूर्वमहामन्त्री प्रकाशमान सिंह, केन्द्रीय सदस्यद्वय डा शेखर कोइराला र कल्याणकुमार गुरुङले उम्मेदवारी दिएका छन् ।

# थाहा ११ र १२ मा नेकपा (एस) गठन

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको उत्तरी क्षेत्र थाहा नगरपालिकास्थित ११ र १२ नम्बर वडामा नेकपा (एकीकृत समाजवादी) गठन गरिएको छ । शनिबार पार्टी र युवा कमिटी गठन गरिएको हो ।

कमिटी गठन कार्यक्रममा एकीकृत समाजबादी स्थायी समिति सदस्य तथा स्वास्थ जनसंख्या मन्त्री बिरोध खतिवडा, एकीकृत समाजबादी पोलिटब्यूरो सदस्य तथा युवा इन्जार्ज दिलु पन्त र युवा संघका जिल्ला अध्यक्ष किरणमान बलको बिशेष आतिथ्यता रहेको थियो ।

एकीकृत समाजबादीले ११ नम्बर वडामा सेते गोलेको संयोजकत्वमा ३७ सदस्यीय वडा कमिटी गठन र सुदर्शन सिकारीको अध्यक्षतामा २७ सदस्यीय युवा संघ वडा कमिटी गठन गरेको छ ।

यस्तै, लिलाबहादुर आले मगरको अध्यक्षतामा वडा न १२ मा २३ सदस्यीय पार्टी कमिटी र सोम गोलेको अध्यक्षतामा २१ सदस्यीय युवा कमिटी गठन गरिएको छ ।

# प्रधानसेनापति प्रथम राष्ट्रिय लन टेनिस प्रतियोगिता सुरु



काठमाडौं (रासस)/ प्रधानसेनापति प्रथम राष्ट्रिय लन टेनिस प्रतियोगिता २०७८ सोमबार देखि सुरु भएको छ । नेपाल टेनिस संघको प्राविधिक सहयोगमा नेपाली सेनाद्वारा आयोजित सो प्रतियोगितामा १५ क्लबका १८५ खेलाडीको सहभागिता छ । विभिन्न १२ 'इभेन्ट' २०१ प्रतिस्पर्धा हुने प्रतिषेगिता आगामी पुस ५ सम्म सञ्चालन हुने छ ।

प्रधानसेनापति प्रभुराम शर्मालेे सैनिक मुख्यालय परिसरमा आयोजित कार्यक्रममा मुख्य निर्णायकलाई बल हस्तान्तरण गरी प्रतियोगिताको शुभारम्भ गरे । प्रतियोगितामा सशस्त्र प्रहरी बल (एपीएफ), फ्ल्यास स्पोर्टस् क्लब लाजिम्पाट, कास्की जिल्ला टेनिस संघ, काठमाडौं जिल्ला लन टेनिस संघ, ग्रीनल्याण्ड टेनिस क्लब, टिम टेनिस नेपाल, त्रिभुवनआर्मी क्लब, नेपला पुलिस क्लब, नर्लिङ स्पोर्टस भिल्ला, भादगाउँ स्पोर्टस्, मण्डिखाटार टेनिस क्लब, याक एण्ड यति क्लव, रुपन्देही लन टेनिस संघ, सातदोबाटो टेनिस क्लब र सेन्ट जेभियर्स क्लबको सहभागिता छ ।

सो समारोहमा सैनिक तालिम महानिर्देशक निरञ्जनकुमार श्रेष्ठले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा उत्कृष्ट खेलाडी उत्पादन गर्ने ध्येयले प्रतियोगिता आयोजना गरिएको बताए । सेनाले २०६८ सालबाट 'सामरी स्लयाम' टेनिस सञ्चालन गर्दै आएकामा सातौं संस्करणसम्म सञ्चालन भएको थियो ।

टेनिसमा अभिरुचि राख्ने खेलाडीलाई प्लेटफर्मको सही व्यवस्थापन गरी स्थायी ढंगले खेल विकास गर्ने यस प्रतियोगिताको मुख्य उद्देश्य छ ।

# पुस्तान्तरित विसङ्गति...

संविधानको मर्म र मर्यादालाई कुल्चियो । तसर्थ अब ५० वर्ष राजनीति गर्छौं भन्नेहरू नै आज तीनतिर देखिएका छन् । जनता फेरि स्यालको हुइँया भजन विभाजित भएर भजन गाइरहेकै छौं । सामाजिक सञ्जालमा तथानाम गाली गरिरहेकै छौं ।

चेतनाको स्तरमा गिरेकै छौं । आलोचना गर्न माहिर छौं तर समालोचनामा सबैभन्दा कमजोर छौं । यसर्थ आदर्श नेतृत्वको अभावमा वैकल्पिक चिन्तनको पनि खडेरी छ । आखिर चुनावमा नहुनु मामाभन्दा कानो मामा जाती भन्दै नजिकका मान्छेलाई समर्थन गर्दै गर्दा हामीले असल र आदर्श नेतृत्वको खडेरीमा बाँचिरहनुपरेको छ ।

यो दशा दोहोरिरहने पिरलो कायमै छ । आफु निष्ठा र न्यायको सत्तामा नहुनेले अरूलाई निष्ठा र त्यागको भाषण सुनाउनुको तुक रहन्न । नेतृत्व कतै न कतै पतीत छ, चाहे पद वा स्वार्थ होस् या कालोधनको संकलन नै किन नहोस् ।

अहिलेदेखिएका पार्टीहरूका लडाइँ राष्ट्रिय स्वार्थका निम्ति समर्पित नभएर व्यक्तिसत्ताको वरिपरि छ । वर्षौंदेखि पार्टीलाई मुठीमा राखेर चलाउनेहरू स्वतन्त्रताको मियोमै हुँ भन्न लाजै मान्दैनन् । हिजो सडकमा पनि व्यक्ति स्वार्थको पहाड ठडिएर अन्तरविरोधको प्रहसन भएको हो । पदको लालसामा निष्ठा र न्याय कुल्चने सोचभित्र शीर्ष नेताहरू विलय देखिँदा नयाँ र जुझारु पुस्ता सूर्यको छेउमा बत्ती हुन्छन् । व्यक्तिस्वार्थजनीन सोचकै कारण हिजोको राजतन्त्रलाई निरंकुश भनिएको होइन र ? यो नकारात्मक प्रकृतिको घडीको सुई नितान्त उल्टो दिशामा छ ।

२०६२-०६३ कोजनआन्दोलनमा त राजतन्त्र निरंकुश हो भनेर राजा फाल्दा छुमन्तरै हुन्छ भनेर भनिएका पनि हुन् । त्यसपछिको परिवेशमा पनि परिवर्तनले गति लिनै सकेन । सबैको दिमागमा अस्थिर सरकार भएका कारणले समस्या भयो भनियो ।

त्यहाँ पनि घडीको सुई सुल्टो घुमेन । तब 'नौ महिने सरकार' पद्धतिलाई दोष दिइँदै गइयो । संविधान नबनेको कुरालाई लिएर पनि निकै समय होहल्ला भए । संविधान पनि बल्लतल्ल १० महिनासम्ममा जन्मनुपर्ने बच्चा १५ महिनामा जन्मेजसरी सा-है कठिनले मात्रै आयो । जनवर्गीय संविधानको नाम दिइयो ।

राजतन्त्रको वकालत तब त बिस्तारै-बिस्तारै भुल्दै गइएकै थियो । तत्पश्चात् अझ भनौं, स्थिर सरकार त्यसमा पनि बहुमतको सरकार बनेपछि जनताले छाती ढक्क फुलाएर भन्न पाएका थियौं, 'अब त घडीको सुई सुल्टो घुम्ला नि त ।' भन्नलाई त 'लोकतन्त्रमा पार्टी-पार्टीबीच अन्तरविरोध त भइहाल्छ नि' भन्ने तर्क बोक्नेको पनि कमी छैन । तर, यदि कथम्कदाचित जनताले विकल्पमा उही सडकबाट फालेको राजतन्त्रलाई सडकबाटै ल्याए भने पनि दुई धार हुने त पक्का छ । वर्तमान राप्रपाको नयाँ नेतृत्वको चयनले यो विषय एउटा चिन्तनयोग्य पनि बनेको छ । तब पनि अर्थ घडीको सुई त जसरी घुमे पनि घुम्छ नै, तर अस्थिर र असन्तुष्टि कायमै रहन्छ । यो पनि अन्तिम विकल्प र अन्तिम सत्य होइन ।

बाम एकताको दुई पाइलटीय कथा पनि कम रोचक कहाँ थियो ! भाग नपुगेर सडक नाटक मञ्चन गर्नेहरूको अर्को चर्को प्रहसनमा जनतालाई सडकमा डामेको होइन त ? तब बहुमतको सरकार निर्माण हुँदा जनताको मुहारमा छाएको खुसी अनायासै स्खलित भयो । केवल राजनीतिक स्वार्थ नै यसको कारण हो ।

यो केवल व्यक्तिगत स्वार्थका लागि नेताहरूले बाँधेको गुटको परिणाम हो अनि त्यही गुटलाई बोक्ने नेतालाई चाप्लुसी गरेर साथ दिने अवसरवादी कार्यकर्ताको कारणले हो । यसर्थ अबको परिवर्तनका लागि गुटगत राजनीतिको विपक्षमा रहेर गुटरहित राजनीतिको समर्थन गर्दै विकासतर्फ लम्कनु जनताको पनि दायित्व हो । विकास र समृद्धिबाहेक अरू स्वार्थको तहमा साथ नदिनु जत्तिको उत्तम उपाय अरू केही होइन । यो आमजनता र पार्टीको झन्डा बोक्ने कार्यकर्ताको हातमा छ ।

*- साभार: कारोबारडेली*

# कामका लागि भारत गएका १६५ बेपत्ता

डोटी (रासस)/ सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाबाट कामका लागि भारत गएका श्रमिक बेपत्ता हुने क्रम बढेको जनाइएको छ ।

यहाँका चार पालिकाका १६५ श्रमिक बेपत्ता भएका अर्थात् परिवारका सम्पर्कमा छैनन् । भारतका विभिन्न सहरमा वर्षौंदेखि लाखौँको संख्यामा नेपाली कामदार श्रम गर्दै आएको बताइएको छ ।

कामको खोजीमा भारत पसेका श्रमिकमध्ये अधिकांश असुरक्षितरुपमा कष्टपूर्ण श्रम गर्दै आएको र बेपत्ता हुने क्रम बढेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेशका संयोजक खडकराज जोशीले बताए ।

उनले भने, "कामका लागि भारत गएका श्रमिकले त्यहाँ निकै दु:ख कष्ट सहनु परेको छ, त्यसैअनुरुप अधिकांश श्रमिक हराउने र बेपत्ता हुने गरेको पाइएको छ ।" श्रमिकका लागि भारतीय श्रम बजार असुरक्षित बन्दै गएको श्रमिकको गुनासो छ ।

भारतमा हुने श्रमशोषणमा नेपाल पक्ष मौन बसेकै कारण कष्टपूर्ण जीवन निर्वाहसँगै नेपाली श्रमिक हराउने र उत्तै बेपत्ता हुने क्रम पनि बढ्दै गएको नागरिक समाजका अगुवा तथा कांग्रेस नेता घनश्याम पाठकले बताए ।

# दीर्घकालमा लाभ हुने कम्पनी छानेर लगानी गर्न अर्थमन्त्रीको आग्रह

काठमाडौं (रासस)/ अर्थमन्त्री जनार्दन शर्माले शेयर बजारका लगानीकर्ताले दीर्घकालमा लाभ दिने कम्पनी छानेर मात्रै लगानी गर्नुपर्नेमा जोड दिएका छन् ।

"शेयर बजारमैत्री नीति तय गर्न, संस्थागत संरचनाको परिवर्तन र पारदर्शीतालगायतका विषयमा स्पष्ट पार्न सरकार तयार छ", उनले भने "अर्थमन्त्रीले शेयर बजार बढाउने घटाउने गर्दैन, लगानीकर्ता आफै जिम्मेवार भएर लगानी गर्नुस् ।"

बीमा समितिको नयाँ भवनको सोमबार ललितपुरमा शिलान्यास गर्दै अर्थमन्त्रीले कम्पनी चिनेर ढुक्कले लगानी गर्न प्रोत्साहित गरे । पछिल्लो समय शेयर बजारमा आएको गिरावटको दोष आफूमाथि लगाएको भन्दै उनले विभिन्न प्रलोभनमा पारेर सीमित व्यक्तिले लाभ उठाएको र शेयर बजार घट्नुको आरोप आफूलाई लगाइएको बताए । उनले भने, "अर्थमन्त्रीले शेयर बजार घटायो भन्छन्, यथार्थ त्यसो होइन । लगानीकर्ताको लगानी सुरक्षा गर्न सरकार प्रतिवद्ध छ । म प्रतिवद्ध छु ।" सीमित व्यक्तिको चलखेलमा बजार घटाउने अनि मन्त्रीलाई गाली गर्ने विषय आफैमा नमिल्ने उनको भनाइ छ । अर्थमन्त्रीले भने, "धान खाने मुसो, चोट पाउने भ्यागुतो जस्तो भो ।"

"घटाउने मान्छे कहाँ-कहाँ हुन्छन् । कसले घटाउछन्, कसले बढाउछन् त्यही संस्थालाई थाहा होला", मन्त्री शर्माले भने, "लगानीकर्ताको लगानीको रक्षा तथा संरक्षण गर्ने कुरामा अर्थमन्त्रालय गम्भीर छ । त्यसतर्फ ध्यान पनि दिइएको छ ।"

संस्थागत सुधारका लागि मन्त्रालयले काम गर्दै आएको उल्लेख गर्दै उनले त्यसका लागि आफूले बारम्बार प्रतिबद्धता जनाएको र त्यसको नतिजा पनि केही समयमै देखिने बताए । अर्थमन्त्रीले लाभग्राहीलाई अनावश्यक दु:ख नहोस् भनेर सम्बन्धित संस्थालाई थप जिम्मेवार बनाउन आफू लागिपरेको र लगानीकर्ताको हित बाहेक सरकारको अरु कुनै चाहनासमेत नभएको उल्लेख गरे । बजारमा भित्री कारोबार गर्नेलाई कारबाहीको दायरमा ल्याउन र बजारको विकेन्द्रिकरण गर्ने प्रयास जारी रहेको भन्दै उनले अर्थमन्त्रीलाई दोष दिएर मात्रै समस्याको समाधान नहुने स्पष्ट पारे । "अर्थमन्त्रीले बजार बढाउने र घटाउने काम गर्दैन ।

तपाईलाई भ्रममा पारेर ठग्न सक्छन्, नठगिएरै आफ्नो व्यवसाय गर्नु होला", अर्थमन्त्रीले भने, "मन्त्रालयले गर्ने भनेको संस्थालाई पारदर्शी बनाउने तथा नीतिनियम र कानून बनाउने हो ।"

उनले बीमा क्षेत्रमा देखिएको विकृति रोक्नका लागि समेत मन्त्रालय लागिपरेको बताए । उनले बीमा गर्नु ठूलो कुरा नभएको तर भुक्तानी पाउनु चाँहीं ठूलो कुरा भएको बताए । बीमा गरेपछि प्रतिबद्धता अनुसार भुक्तानी दिनु महत्वपूर्ण विषय रहेको भन्दै यसमा ध्यान दिन उनले बीमा समितिलाई निर्देशन दिए । बीमा समितिको कामकारबाहीलाई चुस्त र सेवाग्राही मैत्री बनाउन कर्मचारीको क्षमता अभिवृद्धि गर्नुपर्ने उनको भनाइ छ । उनले भवन निर्माण गरेर मात्र नपुग्ने बताउँदै भवन निर्माणसँगै, ऐन र प्रविधिमैत्री जनशक्तिको पनि विकास तथा विस्तार गर्नुपर्ने उल्लेख गरे ।

सेवाग्राहीलाई गुणस्तरीय सेवा दिन अब सबै संरचना बलियो बनाउनैपर्नेमा उनले जोड दिए । उनले पूर्वाधार, व्यवसाय, जनताका विविध जोखिम, किसानका जोखिमलगायतको राम्ररी पहिचान गरेर बीमा गरिए समस्या नहुने बताए ।

मन्त्री शर्माले बीमा कम्पनी सहर केन्द्रित र व्यवसाय केन्द्रित मात्र भएको बताउँदै त्यसप्रति असन्तुष्टि व्यक्त गरे । कार्यक्रममा बीमा समितिका अध्यक्ष सूर्य सिलवालले समितिको नयाँ बन्न लागेको भवनका बारेमा जानकारी गराएका थिए ।

# सुत्केरी हुन नसकेकी महिला स्वास्थ्य केन्द्रमै छट्पटाउँदै

बाजुरा (रासस)/ कोल्टी प्राथमिक स्वास्थ्य केन्द्रमा एक महिला सुत्केरी हुन नसकेर छट्पटाइ रहेका छन् ।

बुढिनन्दा नगरपालिका वडा नं. ७ समालगाँउ बस्ने वर्ष २६ की शारदा कडारा अत्यधिक रक्तश्रावका कारण जिवनमरणको दोसाधमा हुन् ।

तीन दिन पहिला कोल्टी प्राथमिक स्वास्थ्य केन्द्र पुगेकी शारदाको पेटमै बच्चा मरिसकेको र त्यसपछि रक्तश्राव भएको त्यहाँका स्वास्थ्यकर्मीले जानकारी दिएका छन् । स्वास्थ्य केन्द्रमा कार्यरत अनमी चन्द्रा दानीले महिलाको पेटमै बच्चा मरिसकेको र अहिले रक्तश्राव भइरहेको बताए । उनका अनुसार पाठेघरको मुख पनि नखुलेका कारणले महिलाको अवस्था निकै जोखिम रहेको छ ।

स्वास्थ्य केन्द्रमा शारदालाई सुत्केरी गराउन सम्भव नभएपछि अन्यत्र लैजान भनिएको छ । अन्यन्त्र लैजान पैंसा नभएपछि स्वास्थ्य चौकी बाहिर घाममै महिला छट्पटाइरहेको बताइएको छ ।

शारदाका श्रीमान चन्दु कडारा श्रीमतीलाई अन्यत्र लैजान पैसाको जोहो गर्न बजार घुमिरहेका छन् । अप्रेसन गरेर बच्चा निकाल्नुपर्ने भएकाले रेफर गरिएको कोल्टि प्राथमिक स्वास्थ्य केन्द्रकी अनमी चन्दाले बताए ।

# प्रमुख शाक्यद्वारा कलेज भवन शिलान्यास

काठमाडौं (रासस)/ काठमाडौं महानगरपालिकाको सहयोगमा अनामनगरमा निर्माण हुने मदन भण्डारी मेमोरियल कलेजको नयाँ भवनको सोमबार नगरप्रमुख विद्यासुन्दर शाक्यले शिलान्यास गरे ।

दुई दशक अघि जननेता मदनकुमार भण्डारीको नाममा स्थापित र मदन भण्डारी फाउण्डेशनद्वारा सञ्चालित सो सामुदायिक कलेजमा करीब नौ करोडको लागतमा नयाँ चारतल्ले भवन बन्न लागेको हो । हाल महानगरले पाँच करोड सहयोग गरेको छ । कार्यक्रममा फाउण्डेशनका अध्यक्ष उषाकिरण भण्डारी, सचिव पेम्बा लामा, बागमती प्रदेशका सदस्य दीपक निरौलालगायत सहभागी थिए ।

कलेजका प्रमुख डम्बर बहादुर हमालका अनुसार कलेजमा विज्ञान, पत्रकारिता, सूचना प्रविधि, अंग्रेजीलगायत विषयमा कक्षा ११ देखि स्नातकोत्तरसम्म गरी हाल एक हजार ५०० विद्यार्थी छन् ।

# बालश्रमिकको तथ्यांक अद्यावधिक नहुँदा समस्या

नेपालगञ्ज (रासस)/ बाँकेको सदरमुकाम नेपालगञ्जका प्राय: सबैजसो उद्योग, व्यापार, व्यवसायमा कामदारका रुपमा बालश्रमिक राखिएको सहजै देख्न सकिन्छ । तरपनि यो जिल्लालाई बालश्रमिकमुक्त जिल्लाको पहिचान दिइएको छ ।



तेह्र वर्षअघि बाँके जिल्लालाई बालश्रमिकमुक्त जिल्ला घोषणा गरिए पनि करिब चार हजारभन्दा बढी बालबालिका अहिले पनि श्रमिकका रुपमा विभिन्न उद्योग, व्यापारमा कार्यरत रहनुलाई अभियानको मुख्य चुनौतीका रुपमा हेरिएको छ ।


कानुनत: १४ वर्ष उमेरका बालबालिकालाई कुनै पनि बहानामा श्रममा लगाउन पाइँदैन, तर यहाँका प्राय:जसो व्यवसाय सञ्चालन गरिने प्रतिष्ठानमा बालबालिका राख्ने गरिएको छ । बालश्रम न्यूनीकरणमा बालकल्याण समिति, नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, गाउँपालिका, युनिसेफ, सेभ द चिल्ड्रेन, बाँके युनेस्को क्लब, बागेश्वरी असल शासन क्लब (बास) लगायतका सरकरी तथा गैरसरकारी निकाय क्रियाशील रहेपनि नतिजा सोचे जस्तो आउन सकेको छैन । यही अवस्थालाई दृष्टिगत गरी नेपालगञ्ज उपमहानगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने अभियान यहाँ सञ्चालन गरिएको छ । तर, १४ वर्षअघिको बालश्रमिकको तथ्यांक अद्यावधिक नहुँदा अभियान सफल हुनेमा आंशका व्यक्त हुन थालिएको छ ।

चौध वर्षअघि (सन् २००७ नोभेम्बर २० मा) तत्कालीन जिल्ला बालकल्याण समिति र बालबालिकाको क्षेत्रमा कार्यरत विभिन्न संस्थाले यस जिल्लालाई 'बालश्रमिकमुक्त जिल्ला' घोषणा गरेका थिए । यद्यपि, यस जिल्लामा अझै त्यति ठूलो संख्यामा बालबालिका श्रममा देखिनुले ती निकायको काम गर्ने शैलीप्रति प्रश्न चिन्ह पनि उठाइएको छ ।

एकातर्फ बालश्रमिकको तथ्यांक अद्यावधिक गरिएको छैन भने नेपालगञ्जलाई बालमैत्री नगरपालिका घोषणाको अभियान पनि पछि धकेलिँदै जानुलाई सरोकारवालाले व्यंग्य गर्ने विषय बनाएका छन् । कूल २३ वडा रहेको नेपालगञ्ज उपनमहागरपालिकालाई बालमैत्री नगर घोषणा गर्न ३९ सूचक तयार गरी ठूलै तामझामका साथ सञ्चालन गरिएका कार्यक्रमले तोकिएको समयमा आफ्नो लक्ष्य भेटाउन सकेन । यो अभियान सञ्चालनमै रहे पनि अब यसको समयसीमा भने तोकिएको छैन । "चौध वर्षसम्म जिल्लाका बालश्रमिकको तथ्यांक अद्यावधिक गर्न नसक्ने अवस्थामा हामीले कसरी यस जिल्ला अन्तर्गतको नेपालगञ्ज उपमहानगरपालिकालाई बालमैत्री नगर घोषणा गर्न सक्छौं?", बालअधिकार अभियन्ता साहिल अन्सारीको प्रश्न छ ।

चौध वर्ष पुरानो सो तथ्यांक अनुसार, बाँके जिल्लामा नौ वर्षमुनिका पाँच, १० देखि १४ वर्षका ६० र १४ देखि १७ वर्षका ४० प्रतिशतभन्दा बढी बालबालिका श्रमिकका रुपमा कार्यरत रहेका छन । "जिल्ला प्रशासन कार्यालय अन्तर्गत रहने बालकल्याण समिति पनि भंग भइसकेको र त्यसको सट्टामा अर्को कुनै समिति नबनेकाले बालबालिकाका विषय स्थानीय तहको कार्यक्षेत्रभित्र पर्ने गरेको छ", बाँकेका सहायक प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायको भनाइ छ । उनले बालबालिकाको विषयमा अब सबै काम स्थानीय तहको जिम्मामा लगाइएको बताए ।

**हार्दिक बधाई**



यस हेटौंडा टुडे डट कम अनलाईन पत्रिकामा कार्यरत हेटौंडा ६ निवासी **आँचल घिमिरे** मकवानपुरगढी गाउँपालिका वडा नम्बर ३ देबिडाँडा निवासी बिष्णु तिमल्सिनासँग वैवाहिक बन्धनमा बाँधिनुभएकोमा हार्दिक बधाई सहित वैवाहिक जीवनको शुभकामना व्यक्त गर्दछौं ।

**देबकोटा कान्छो मनोज (प्रबन्धक निर्देशक)** एवम्

**संयम मिडिया प्रा.लि. (हेटौंडा टुडे डट कम) परिवार**

**हेटौंडा-४, पारिजातपथ**

## लाइसेन्स हराएको सूचना

मेरो निम्न व्यहोराको लाइसेन्स २०७८ मंसिर ०७ गते बुद्धचोकबाट राप्तीरोड जाने क्रममा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय अथवा निम्न नम्बरमा सम्पर्क गरिदिनु हुन अनुरोध गर्दछु ।

**नाम**: विजय तितुङ
**ठेगाना**: हेटौंडा -७ नागस्वती
**लाइसेन्स नम्बर**: ०५-०९७५३९
**फोन**: ९७४५३८६९६३

***के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?***

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
*tonerhouse_htd@yahoo.com*

# दाजुभाइबीच झगडा हुँदा दाजुको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा/मकवानपुरको विकट क्षेत्र कैलाशमा दाजुभाइबीच कुटाकुट हुँदा दाजुको ज्यान गएको छ ।

आइतबार राती कैलाश -६ तल्लो पकनीमा ३३ बर्षीय नन्दरे मोक्तान उनका भाइ ३० बर्षीय सीताराम मोक्तानबीच सामान्य बिवाद भइ कुटपीट हुँदा दाइ नन्दरे मोक्तानको मृत्यु भएको छ ।

घटनाको कारण नखुलेको र घटनामा संलग्न मृतकका भाई सीताराम मोक्तान प्रहरीले नियन्त्रणमा लिएको मकवानपुरका निमित्त प्रहरी प्रवक्ता प्रहरी निरीक्षक देवेन्द्र दासले बताए ।

## बकैया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर, बागमती प्रदेश, नेपाल

## करार सेवामा पदपूर्ति सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/२८

यस बकैया गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालयको लागि देहाय बमोजिमको पदमा सेवा करारमा कर्मचारी नियुक्ती गर्नुपर्ने भएकोले १८ वर्ष उमेर पुगी ३५ वर्ष ननाघेका देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट यस गाउँपालिकाबाट पारित बकैया गाउँपालिकाको सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिमको दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.स. | पद / तह | सेवा | पद संख्या | न्यनतम शैक्षिक योग्यता | दरखास्त दस्तुर(रु.) | परिक्षा मिति |
|---|---|---|---|---|---|---|
| १ | सब-ईन्जीनियर (ईलेक्ट्रिकल)/पाँचौ | नेपाल ई. / ईलेक्ट्रिकल | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट इलेक्ट्रिकल ईन्जीनियरिङमा डिप्लोमा कोर्ष उतिर्ण गरेको | ५०० | सम्पर्क मितिमा तोकिने छ। |

१. दरखास्त दिने स्थान: बकैया गाउँपालिकाको कार्यालय, हात्तीसुँडे, मकवानपुर ।
२. परीक्षाको किसिम: लिखित र मौखिक ।
३. सम्पर्क मिति: दरखास्त दिने अन्तिम मितिको भोलिपल्ट ।
४. काम गर्नुपर्ने स्थान: बकैया गाउँपालिका अन्तर्गत ।
५. तलब सुविधा : यस कार्यालयले तोकेबमोजिम ।
६. दरखास्त फारमका साथ पेश गर्नुपर्ने कागजातहरु: नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र कार्य अनुभवको प्रमाणपत्रको
७. अन्तरवार्ताको दिन सबै प्रमाणपत्रको सक्कलल लिई उपस्थित हुनु पर्नेछ ।
८. विज्ञापन गरिएको पदको पाठ्यक्रम लोकसेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

**द्रष्टव्य**: रितपूर्वक पेश नभएका तथा म्याद नाघी दर्ता हुन आएका आवेदन उपर कुनै कारवाही गरिने छैन । छनौट एवं सिफारिस समितिले मापदण्ड पुरा गरेका आवेदनलाई मात्र छोटो सूची (***short list***) मा समावेश गर्नेछ । करार अवधि २०७९ अषाढ मसान्त सम्मको हुनेछ ।

*लक्ष्मण पुडासैनी (प्रमुख प्रशासकीय अधिकृत)*

प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय
## कृषि ज्ञान केन्द्र, चितवन
बागमती प्रदेश, भरतपुर, नेपाल

फोन: ०५६-५२०११५
इमेल: *akcchitwan@gmail.com*

## कृषि विकास कार्यक्रमहरुमा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

*सूचना नं.: १३-२०७८/७९*
*प्रथम पटक प्रकाशित मिति:२०७८/०८/२८*

कृषि ज्ञान केन्द्र, चितवनको आ.व २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अन्तरगतको तपशिल बमोजिमको कार्यक्रमहरु संचालन गर्न लागिएको हुँदा चितवन र मकवानपुर जिल्लाका सम्बन्धित क्षेत्र/ठाउँका इच्छुक कृषक उद्यमी, कृषि फर्म/कम्पनी, कृषक समूह, कृषि सहकारी तथा उपभोक्ता समितहरुलाई देहाय बमोजिमको कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र (मिति २०७८/०९/२८ सम्म) कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. स. | कार्यक्रमको नाम | इकाई | परिमाण | विनियोजित बजेट | तोकिएको क्षेत्र।ठाउँ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | समूह/सहकारी/नीजि क्षेत्रको १५ प्रतिशत लागत साझेदारीमा स्यालो ट्यूवेल निर्माण | संख्या | २५ | १२५ लाख | चितवन जिल्ला | |
| २ | खजुरी दमार सिंचाई आयोजना | पटक | १ | १० लाख | बकैया-८, मकवानपुर | प्रचलित कार्यविधि, नर्मस तथा ऐन नियमानुसार कार्यक्रम संचालन गरिने |
| ३ | डेडखोला-नुनथला सिंचाई आयोजना | पटक | १ | १० लाख | भिमफेदी-९, मकवानपुर | |
| ४ | तल्लो खैरहनी सिंचाई आयोजना | पटक | १ | १० लाख | मकवानपुरगढी-५, मकवानपुर | |
| ५ | नयाँ गाउँ सिंचाई आयोजना | पटक | १ | १० लाख | मनहरी-५, मकवानपुर | |
| ६ | डुम्रेकुना बृहत सिंचाई आयोजना | पटक | १ | १० लाख | मकवानपुरगढी-६, मकवानपुर | |
| ७ | मोतिपुर सिंचाई आयोजना | पटक | १ | १० लाख | वागमती-७, पाथीभरा, मकवानपुर | |
| ८ | विरिफाँट सिंचाई आयोजना | पटक | १ | १० लाख | बकैया-८, मकवानपुर | |
| ९ | राप्ती- तल्लोताल सिंचाई आयोजना | पटक | १ | १० लाख | हेटौंडा-११, मकवानपुर | |
| १० | फफेनी सिंचाई योजना | संख्या | १ | १५ लाख | खैरहनी-१०, चितवन | |
| ११ | स्यालो ट्यूबेल निर्माण | संख्या | ३ | १५ लाख | खैरहनी-३, टुगारा सिमाना | प्रचलित कार्यविधि, नर्मस तथा ऐन नियमानुसार कार्यक्रम संचालन गरिने |
| १२ | स्यालो ट्यूबेल निर्माण | संख्या | ३ | १५ लाख | हेटौंडा-१८, मकवानपुर | |
| १३ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | भरतपुर-८, गौरीगञ्ज, सगरमाथा टोल | |
| १४ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | कालिका-७, चितवन | |
| १५ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | रत्ननगर-१४, एकताटोल चितवन | |
| १६ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | राप्ती-४, गुम्बाचोक क्षेत्र | |
| १७ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | भरतपुर-२५, चितवन | |
| १८ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | भरतपुर-४, चितवन | |
| १९ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | राप्ती-८, चितवन | |
| २० | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | भरतपुर-२१, चितवन | |
| २१ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | रत्ननगर नगरपालिका, चितवन | |
| २२ | स्यालो ट्यूबेल निर्माण | संख्या | १ | ५ लाख | भरतपुर-२८, चितवन | |
| २३ | अमिलिया घोलमा स्यालो बोरिङ्ग निर्माण | संख्या | १ | ५ लाख | रत्ननगर-१४, चितवन | |

**आवश्यक कागजातहरु**: १) रु. १० को टिकट टाँस गरेको निवेदन
२) सम्बन्धित संस्थाको दर्ता/नबीकरण भएको प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर र करचुक्ताको प्रतिलिपि
३) कम्पनी/समूह/सहकारी तथा उपभोक्ता समितिको हकमा प्रस्ताव पेश गर्ने तथा अख्तियार प्रदान गरिएको बारे बैठकको निर्णय प्रतिलिपि,
४) प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्मेवार ब्याक्तिको नागरिताको प्रतिलिपि तथा अख्तियारी पत्र
५) सम्बन्धित गाउँपालिका/नगरपालिकाको कृषि शाखा तथा वडा कार्यालयको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र
६) खेती गरिने जमिनको लालपूर्जाको फोटोकपी/लिजमा लिएको जमिन भए कम्तिमा ५ वर्ष वा सम्बन्धित कार्यक्रमको कार्यविधिले तोके बमोजिमको करारनामाको प्रतिलिपि

**नोट**: कार्यक्रम सम्बन्धि थप जानकारीको लागि यस केन्द्रको फोन नं ०५६-५२०११५ वा ९८४५४४८६६६ मा सम्पर्क गर्न सकिनेछ । साथै आवेदकहरु कार्यालयमा उपस्थित हुन नसकेमा केन्द्रको इमेल *akcchitwan@gmail.com* मार्फतसमेत प्रस्ताव पेश गर्न सकिनेछ ।

*युवराज पाण्डे (प्रमुख)*

## ख्रिष्टमसको अवसरमा शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा/हेटौंडा उपमहानगरपालिका पदमपोखरीस्थित संयुक्त मण्डली पाष्टर एकता संगतीको आयोजनामा ख्रिष्टमसको अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम गरिएको छ ।

कार्यक्रमको हेटौंडा उपमहानगरपालकाका मेयर हरि बहादुर महतले उद्घाटन गरेका हुन् । कार्यक्रममा मेयर महतले कुनैपनि धर्म सानो ठुलो नहुने बताए ।

धर्मकै माध्यमले सबैलाई एकताबद्ध रुपमा जोड्न सकिने उनको भनाइ थियो । कार्यक्रममा उपमहानगरपालिका उपमेयर मीनाकुमारी लामा, हेटौंडा-१२ का वडा अध्यक्ष ललित घलान, हेटौंडा-१३ का वडा अध्यक्ष मनोज वाइबा लगायतको आतिथ्यता रहेको थियो ।

## हराएको मोटरसाइकल फिर्ता



साझाकुरा संवाददाता

हेटौंडा/प्रहरीले हराएको मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई बुझाइएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक सुरेन्द्रबहादुर गुरुङ्ले मोटरसाइकल धनी हेटौडा उपमहानगरपालिका वडा नं. ५ बस्ने वर्ष ४० को खेमलाल श्रेष्ठलाई बुझाएका हुन् ।

मंसिर १९ गते साँझ ना ४२ प ६३८५ नम्वरको १५० सि.सि. पल्सर मोटरसाइकल मकवानपुरगढी गाउँपालिका वडा नं. २ कुर्लेबाट हराएको थियो । मोटरसाइकल हराएपछि श्रेष्ठले जिल्ला प्रहरी कार्यालय मकवानपुरमा मंसिर २१ गते निवेदन दिएका थिए ।

सोही उजुरीको आधारमा खोजतलास गर्ने क्रममा अस्थायी प्रहरी पोष्ट हटिया मकवानपुरबाट खटिएको प्रहरी गस्ति टोलीले मंसिर २१ गते दिउँसो हेटौडा-१६ मिलनचोकस्थित सडकमा फेला पारी सम्बन्धित धनी श्रेष्ठलाई बुझाएको हो ।

# हेटौंडा उपमहानगरबासीलाई ओमिक्रोनबाट जोगाउन चासो

साझाकुरा संवाददाता

हेटौंडा/कोरोनाको ओमिक्रोन भेरिएन्टबाट नगरबासीलाई सुरक्षित राख्न हेटौंडा उपमहानगरपालिकाले चासो देखाएको छ ।


हेटौंडामा हालसम्म ओमिक्रोन भेरिएन्टका संक्रमित फेला नपरेपनि यसबाट बच्ने उपाय र सावधानीका बारेमा उपमहानगरले चासो देखाएको हो । नेपालमा कोरोनाको ओमिक्रोन भेरिएन्टका संक्रमित भने यसअघि नै फेला परिसकेका छन् । संक्रमित दुईजना संक्रमण मुक्तपनि भइसकेका छन् । संक्रमण फैलिन सक्ने भएकाले नगर बासीलाई यसबाट बचाउन नगर पालिकाले जनचेतनादेखि स्वास्थ्य सतर्कताको कार्यक्रम सञ्चालन गर्ने भएको हो ।

भारतमा ओमिक्रोन भेरिएन्टका संक्रमित देखिएकाले सीमाबाट नजिकको सहर हेटौंडाबाट जोखिममा छ । हेटौंडाबाट भारतीय सीमा क्षेत्र र देशकै ठूलो नाका नजिकै हुनु र खुल्ला सीमानाका कारण ओमिक्रोन भेरिएन्टको संक्रमणको खोजिम छ ।

बीरगञ्जबाट काठमाडौं, पोखरालगायतका क्षेत्र पुग्न हेटौंडा हुँदै जानुपर्ने हुन्छ । भारतीय वा भारतबाट स्वदेश फर्किएका नेपालीबाट हेटौंडामा ओमिक्रोन भेरिएन्टबाट संक्रमणको जोखिम धेरै रहेको हो ।

हेटौंडा उपमहानगर पालिकाले ओमिक्रोन भेरिएन्टबाट नगरबासीलाई बचाउन भने तयारी थालिसकेको हो । नयाँ प्रकारको भेरिएन्ट भएकाले नगरबासीमा सचेतना जगाउने, यसबाट सुरक्षित हुने उपायका बिषयमा छलफल गर्ने र अग्रीम तयारीमा रहने गरी तयारी भइरहेको नगर प्रमुख हरिबहादुर महतले बताए । उनले ओमिक्रोन भेरिएन्टबाट नगरबासीलाई सुरक्षित राख्न हरसम्भव प्रयास गर्ने उनको भनाई छ । नगरको टोलटोलमा कोरोनाविरुद्धको खोप पुर्‍याइने उनको भनाइ छ ।

कोरोनाको ओमिक्रोन भेरिएन्टविरुद्ध लड्न हेटौंडा उपमहानगरका करिब एकसय जना स्वास्थ्यकर्मी तयारी अवस्थामा रहेको महतले जानकारी दिए । हेटौंडा-६ गौरिटारमा संक्रमितहरुको उपचारका लागि आइसोलेसन तयारी राखेको उनले बताए । यसअघिको कोरोना महामारीको पहिलो र दोस्रो लहरमा पनि उपमहानगरले आइसोलेसन सञ्चालन गर्दै बिरामीहरुको उपचार गर्दै आइरहेको थियो । नगर प्रमुख महत यसअघि कोरोनाबाट सुरक्षित रहने बारे सचेत गराउन र संक्रमितहरुलाई हौसला बनाउन नगरबासीको घरघरमै पुगेका थिए ।




## सोमबार मकवानपुरमा शुन्य संक्रमित

हेटौंडा/मकवानपुरमा सोमबार कोरोना संक्रमण पुष्टि हुनेको संख्या शुन्य रहेको छ ।

स्वास्थ्य कार्यालय मकवानपुरले सोमबार उपलब्ध गरएको तथ्याङ्कअनुसार मकवानपुरमा पछिल्लो २४ घण्टामा २५ जनाको एन्टिजेन र पिसिआर विधिबाट कोरोना जाँच गर्दा संक्रमित संख्या शुन्य रहेको हो । मकवानपुरमा हाल सम्मको कोरोना संक्रमितको संख्या १५ हजार ५ सय १८ नै रहेको छ ।

त्यसैगरी मकवानपुरमा पछिल्लो २४ घण्टामा कोरोनामुक्त हुनेको संख्या ३ रहेको छ ।




**गोर्खाली ट्रेड एण्ड सप्लायर्स**
हेटौंडा-४, रजतजयन्ती,
फोन: ९८४१७७१६६४, ९८५५०३१६६४

## मतदाता नामावलीमा नाम दर्ता गराउने सम्बन्धि
## प्रदेश निर्वाचन कार्यालय, हेटौंडाको सूचना

**मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ अन्तर्गत २०७८ मंसिर १७ गतेदेखि २०७८ पौष २ गतेसम्म बकैया, मकवानपुरगढी, भिमफेदी, इन्द्रसरोवर र मनहरी गा.पा.को केन्द्रमा र २०७८ पौष ५ गतेदेखि २०७८ पौष १९ गतेसम्म बागमती, कैलाश, राक्सिराङ गा.पा. र थाहा न.पा. को केन्द्रमा र हेटौंडा उपमहानगरपालिकाको हकमा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालयमा मतदाता नामावली संकलन कार्य हुने भएकाले मतदाता नामावलीमा नाम दर्ता गर्न छुटेका नेपाली नागरिकता प्राप्त व्यक्तिहरुले नागरिकता, बसाई सराइ, विवाह दर्ता प्रमाणपत्रको सक्कल र फोटोकपी समेत लिई आ-आफ्नो स्थानिय तहको केन्द्रमा वा प्रदेश निर्वाचन कार्यालय र जिल्ला प्रशासन कार्यालय, हेटौंडामा गई नाम दर्ता गराउनु हुन अनुरोध छ ।**

## HETAUDA CITY HOSPITAL PVT.LTD.
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

## VACANCY ANNOUNCEMENT

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Medical Officer | 1 | Min Rs. 35000 | MBBS |
| 2 | Staff Nurse | Few | 14000-18000 | PCL/NHPC registered |
| 3 | Lab Technologist | 1 | 18000-25000 | BMLT/NHPC registered |
| 4 | CMA/ANM | Few | Negotiable | TSLC |
| 5 | Public Relations | 1 | 18000-250000 | BBS/BBA completed |
| 6 | Receiptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae within 10 days of the first publication of this notice.

## व्यक्तिगत घटना दर्ता




**मकवानपुरगढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
मक्रान्चुली, मकवानपुरगढी

## व्यक्तिगत घटना दर्ता




**भीमफेदी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
भीमफेदी, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय: हेडम्बीचोक, हेटौंडा-१, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना, हेटौंडा-१, चौकीटोल